## मिति २०७८।१।२४ को कार्यपालिकाको बैठकको निर्णयहरुः

निर्णयहरुः

१. विश्वब्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोभिड -१९ रोगको संक्रमण दिनानुदिन बढ्दै गईरहेको, यस रोगको कारणबाट मृत्यु हुनेको संख्या पनि बढिरहेकोले यस पालिकाका छिमेकी पालिकाहरु तथा जिल्ला सदरमुकाम कुश्मा बजार क्षेत्रमा सार्वजनिक सेवा प्रवाह र बजार क्षेत्र बन्द गरिसकेको सन्दर्भमा साथै यस पालिका क्षेत्र भित्र पनि यस रोगका सक्रिय संक्रमितको संख्या दिनानुदिन बढ्दै बढ्दै गई रहेको हुनाले यस रोगको संक्रमणलाई समुदाय स्तरमा पुग्न नदिन थप सजगता र सावधानी अपनाउनु अपरिहार्यतालाई मध्येनजर गर्दै यस रोगको संक्रमणलाई नियन्त्रणका लागि २०७८।१।२५ गते देखि २०७८।१।३१ गते सम्मका लागि अत्यावश्यक सेवा (दैनिक खाद्यवस्तु, तरकारी दुध, खानेपानी) र निर्माण सम्वन्धी पसल विहान ७-९ र वेलुका ५ -८ बजे सम्म मात्र खोल्ने अन्य सवै वडाका सवै पसल ब्यवसाय बन्द गर्ने । यस गाउँपालिका क्षेत्र भित्रका बैंक तथा बित्तीय संस्थाहरु आलोपालो खोल्ने गरी ब्यवस्था मिलाउने । सरकारी तथा संस्थागत विद्यालयहरु हकमा यस अघिको कार्यापालिकाको निर्णयानुसार नै गर्ने/ गराउने । साथै यस गाउँपालिका अन्तर्गत प्रवाह हुने अत्यावश्यक सेवा बाहेकका अन्य सेवा बन्द गर्ने ।

२. मिति २०७८।१।४। गतेको स्थानीय विपद् ब्यवस्थापन समितिको निर्णयानुसार छनौट समितिले पेश गरे अनुसार चालु आर्थिक वर्षमा बाढि पहिरोबाट तपसिल बमोजिम घर, गोठ, जमिन क्षति भएका ब्यक्तिहरुलाई वडा कार्यालयको सिफारिस, पिडीत ब्यक्तिहरुको निवेदन, प्रहरी सर्जिमिन मुचुल्का र प्राविधिक रिपोर्ट समेतका आधारमा तपसिल बमोजिमका २४९ जनालाई तपसिल क, ख, ग वर्गमा वितरण गरी क्रमशः २५, १५, ८ हजार तपसिल बमोजिम विपद् राहत रकम वितरण गर्ने । (पाना नं. ११ मा विवरण उल्लेखित)

३. यस गाउँपालिकामा निर्माण हुने १० शैयाको अस्पतालका लागि तपसिल बमोजिम जग्गादाताबाट तपसिल बमोजिम जग्गादानको लागि लिखित मञ्जुरी प्राप्त भएकोले उक्त अस्पतालको निर्माणका लागि साविक हुवास स्वास्थ्य चौकीको नाममा रहेको जग्गाधनी पुर्जामा जग्गाको कित्ता नं. र क्षेत्रफल उल्लेख नभई सकेको अवस्था भए पनि प्राविधिक रुपमा आवश्यक प्रक्रिया पुगेमा ठेक्का प्रक्रियामा जान बाधा नपर्ने गरी निर्णय गरियो ।

तपसिल

| क.स. | जग्गा दाताको नाम थर | ठेगाना | कित्ता नं | क्षेत्रफल (रोपनी) | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुदन आले<br>जितेन्द्र आले | पैयूँ-४ | २०५ | ०-५-०-३ | |
| | | | २१३ | ०-९-१-३ | |
| | | | २१५ | १-४-४-१ | |

२०७८-१-२८

मिति २०७८।१।२४ को कार्यपालिकाको बैठकको निर्णयहरु:

| | | | | | |
|---|---|---|---|---|---|
| २ | प्रेम बहादुर आले | पैयूँ -४ | २०९ | | कुल क्षेत्रफलको आधा जग्गा दिने/लिने |
| ३ | बल बहादुर आले | पैयूँ -४ | २०४ | | कुल क्षेत्रफलको आधा जग्गा दिने लिने |
| ४ | तिलकुमारी आले | पैयूँ-४ | २०३ | | दक्षिणतर्फ आवश्यकता अनुसार |
| ५ | दुर्गा काफ्ले | पैयूँ -४ | १४०७ | ०-८-०-० | पश्चिम पट्टीबाट |
| ६ | जिवलाल बसेल | पैयूँ-४ | १९१३ | ०-८-०-० | पश्चिम पट्टीबाट |

**४. कृषक समूह गठन तथा परिचालन सम्वन्धी कार्यविधि, २०७८ पारित गर्ने ।**

**५. ब्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यबिधि २०७८ पारित गर्ने ।**

६. पैंयू क्षेत्र एम्बुलेन्स सञ्चालक समितिलाई २०७७ असोज महिना देखि २०७७ फाल्गुण महिना सम्म विरामीलाई छुट दिएको रकम सञ्चालक समितिले पेश गरे बमेजिम रकम रु ३८,७००। विपद् ब्यवस्थपन कोषबाट भुक्तानी दिने ।

७. बानी डाडादेखि सिर्सीकोट ट्र्याक खोल्ने योजनामा विनियोजित बजेटको रु ६ लाखले ट्र्याक खोल्न नसकिने प्राविधिक प्रतिवेदनका आधारमा मर्मत सम्भार तथा भैपरी शीर्षकबाट रु. २ लाख ५० हजार बजेट थप गर्ने ।

८. कोभिड अस्पतालको लागि आवश्यक पर्ने रु ५ लाखको औषधी तथा स्वास्थ्य सामाग्री (अक्सिजन सिलिण्डर ५ थान सहित) यथाशीघ्र कोरोना रोकथाम तथा नियन्त्रण कोषबाट खरिद गर्ने ।

९. पैयूँ गाउँपालिका वडा नं ६ डाडागाउँमा भएको आगोलागी पिडितहरुका लागि ७ घर पुन निर्माणका लागि प्रति परिवार रु. २ लाख आगामी आर्थिक वर्षको वजेटमा विनियोजन गर्न गाउँसभा पेश गर्ने ।

निर्णय प्रमाणिकरण

२०७८-१-२४